वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY

राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'

bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

— निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी —

सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

वेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई

LIKE, FOLLOW गर्दै गर्नुहोला !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १७० | २०८३ कात्तिक ११ गते बुधबार, नेपाल सम्वत् ११४६ October 28, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



कृषि कर्ममा प्रविधिको प्रयोग

तनहुँको आँवुखैरेनीका कृषकहरू थ्रेसरको प्रयोग गरी धान झाट्दै। प्रविधिको प्रयोगले कृषि कर्ममा लागत घट्नुका साथै कम समयमा धेरै काम गर्न सकिने हुँदा सहज बन्दै गएको छ । मौसममा आउने परिवर्तन र पानी पर्ने सम्भावनाका कारण यतिबेला कृषकहरू खेतमा पोकेको धान थन्काउने चटारोमा छन् ।

तस्विर : भञ्ज्याङ

चुनावको हारबाट पाठ सिकेर जनविश्वास फर्काउनुपर्छ : महामन्त्री पौडेल

स्वास्थ्य, शिक्षा र जनजीविकामा परिणाम देखिने गरी काम गर्न कांग्रेसजनलाई आग्रह

भञ्ज्याङ समाचारदाता/तनहुँ

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले चुनावमा पराजित हुँदैमा निराश हुन नपर्ने बताएका छन् । विगतका कमजोरी सच्याएर जनताको विश्वास जित्ने गरी काम गर्न सके कांग्रेस फेरि विजयी बन्न सक्ने उनको भनाइ छ ।

नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर १ तनहुँले मंगलबार आयोजना गरेको पदस्थापन तथा दसैँ-तिहारको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै पौडेलले चुनावमा हार र जित स्वाभाविक प्रक्रिया भएकाले पराजयबाट पाठ सिकेर अघि बढ्नुपर्ने बताए ।

"हामीले थुप्रै चुनाव जितेका छौं, थुप्रै चुनाव हारेका पनि छौं । चुनाव हार्दैमा आत्तिनु पर्दैन। भएका कमीकमजोरी सच्याएर जनताको विश्वास जित्ने गरी अघि बढ्नुपर्छ", उनले भने, "अब कांग्रेसले फेरि चुनाव जित्ने गरी काम गर्नुपर्छ ।"

पौडेलले पार्टीमा जिम्मेवारी पाउनु मात्रै उपलब्धि नभएको उल्लेख गर्दै जनताले अनुभूति गर्ने गरी काम गर्न नेता तथा कार्यकर्तालाई आग्रह गरे । स्वास्थ्य सेवा सुधार, विद्यालयको शैक्षिक गुणस्तर वृद्धि, सार्वजनिक सम्पत्तिको संरक्षण र अन्यायमा परेका नागरिकलाई न्याय दिलाउने विषयलाई प्राथमिकता दिनुपर्ने उनले बताए ।



स्थानीय तहका अस्पताल तथा स्वास्थ्य केन्द्रमा आधारभूत औषधिसमेत नपाइने अवस्था अन्त्य गरी नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने उनको भनाइ थियो । विद्यालयमा विद्यार्थी सत्या बढाउने लक्ष्यसँगै शैक्षिक गुणस्तर सुधारमा पनि ध्यान दिन उनले आग्रह गरे ।

"कुनै विद्यालयमा दुई सय विद्यार्थी छन् भने चार वर्षभित्र शैक्षिक सुधार गरेर पाँच सय विद्यार्थी पुऱ्याउने लक्ष्यसहित काम गर्नुपर्छ", उनले भने, "पदमा आउनुभयो तर काम गर्नुभएन भने त्यसको कुनै अर्थ रहँदैन । जनताले अनुभूति गर्ने गरी काम गर्नुपर्छ ।"

महामन्त्री पौडेलले कांग्रेसको १५औँ महाधिवेशनले पार्टीभित्र एकताको आधार तयार गरेको उल्लेख गर्दै सबै नेता तथा कार्यकर्तालाई समेटेर सङ्गठन सुदृढ बनाइने बताए । पार्टीबाट टाढिएका नेता तथा कार्यकर्तालाई मूलधारमा फर्कन आग्रह गर्दै उनले अग्रजहरूको योगदानको सम्मानसहित एकताबद्ध भएर अघि बढ्नुपर्ने धारणा राखे ।

सरकारले देशको विकास र जनताको हितमा गर्ने सकारात्मक काममा कांग्रेसले सहयोग गर्ने बताउँदै उनले लोकतान्त्रिक मूल्य र मान्यतामाथि प्रहार भएमा भने प्रतिवाद गर्ने बताए ।

कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य डा. जगदीशचन्द्र पोखरेल, दीपक भट्टराई, चिनु पोखरेल र पुरूषोत्तम खनाललगायतले पार्टी सङ्गठनलाई बलियो बनाउन एकता र सहकार्य आवश्यक रहेको बताए। गुट-उपगुटभन्दा माथि उठेर अघि बढ्न सके पार्टीलाई सुदृढ बनाउन सकिने उनीहरूको भनाइ थियो ।

कांग्रेस तनहुँ क्षेत्र नम्बर १

बाँकी तेश्रो पेजमा

तनहुँमा तरकारी र धान खेतीको क्षेत्रफल विस्तार

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँमा व्यावसायिक तरकारी तथा धान खेतीको क्षेत्रफल विस्तार हुँदै गएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत सञ्चालित तरकारी र धान जोन कार्यक्रमले खेती विस्तारसँगै किसानलाई संगठित गरी उत्पादनलाई व्यावसायिक बनाउन सहयोग पुऱ्याएको छ । कार्यक्रम कार्यान्वयन इकाई गोरखाका वरिष्ठ कृषि विकास अधिकृत पूर्ण ढुङ्गानाका अनुसार तनहुँमा तरकारी जोन सुरू भएयता २१८ हेक्टर र धान जोन सुरू भएयता ८५ हेक्टर खेतीयोग्य क्षेत्रफल विस्तार भएको छ। दुवै कार्यक्रममार्फत खेतीको क्षेत्रफल कुल ३०३ हेक्टर बढेको हो ।

आर्थिक वर्ष २०७५/७६ मा सुरू गरिएको तरकारी जोन कार्यक्रम अन्तर्गत प्रारम्भमा ५०५ हेक्टर क्षेत्रफल समेटिएको थियो । अहिले उक्त क्षेत्रफल बढेर ७२३ हेक्टर पुगेको छ । यस अवधिमा तरकारी खेतीको क्षेत्रफल ४३ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ ।

त्यस्तै, आर्थिक वर्ष २०७९/८० देखि सञ्चालनमा आएको धान जोन कार्यक्रमको क्षेत्रफल पनि पाँच सय हेक्टरबाट बढेर ५८५ हेक्टर पुगेको छ । धान खेतीको क्षेत्रफलमा १७ प्रतिशत वृद्धि भएको हो ।

तरकारी जोन कार्यक्रम आँबुखैरेनी गाउँपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका र भानु नगरपालिकामा सञ्चालन भइरहेको छ। यस कार्यक्रम अन्तर्गत दुई सहकारी, दुई कृषक समूह र ११ कृषि उद्यमी आबद्ध छन् । कार्यक्रमबाट एक हजार ९८९ जना लाभान्वित भएको वरिष्ठ कृषि विकास अधिकृत ढुङ्गानाले जानकारी दिए ।

धान जोन कार्यक्रम व्यास नगरपालिका-८, ९ र ११, भानु नगरपालिका तथा बन्दीपुर गाउँपालिका-१ मा सञ्चालन भइरहेको छ । यसअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र १० कृषि उद्यमी सहभागी छन् । कार्यक्रमबाट एक हजार ८३८ जना लाभान्वित भएका छन् ।

तरकारी तथा धान खेतीलाई व्यावसायिक र उत्पादनमुखी बनाउने उद्देश्यले सञ्चालित कार्यक्रमले किसान, सहकारी, कृषक समूह तथा कृषि उद्यमीलाई एउटै प्रणालीमा आबद्ध गरी कृषि गतिविधि अघि बढाउन सहयोग पुऱ्याएको छ। उत्पादन क्षेत्र विस्तारसँगै खेतीलाई व्यवस्थित बनाउने र कृषि उद्यममा किसानको सहभागिता बढाउने कार्यक्रमको लक्ष्य रहेको छ ।

तरकारी र धान जोन कार्यक्रमबाट हालसम्म कुल तीन हजार ८२७ जना लाभान्वित भएको तथ्याङ्क छ । खेतीको क्षेत्रफल विस्तार र किसानको सहभागिताले जिल्लामा व्यावसायिक कृषि विकासको सम्भावना बढाएको देखिए पनि उत्पादन, उत्पादकत्व र किसानको आम्दानीमा परेको प्रभाव मापन गर्न थप तथ्याङ्क आवश्यक देखिन्छ ।

सम्पादकीय .....

www.bhanjyangnews.com

बत्तिमुनिको अध्यारो : व्यासभूमिको उज्यालो कहिले ?

तनहुँको सदरमुकाम दमौली- जहाँ वेदव्यासको नामसँग जोडिएको अमर कथा वास गर्छ । यहीं, सेती र मादी नदीको संगममा अवस्थित व्यास पराशर क्षेत्रलाई हिन्दू धर्मका दृष्टिले अत्यन्त पवित्र स्थल मानिन्छ । यही भूमिमा व्यास ऋषिले महाभारत, चारवेद र अठार पुराणको रचना गरेका थिए । धर्म, संस्कृति र इतिहासका दृष्टिले यति अमूल्य स्थल आज पनि "बत्तिमुनिको अध्यारो" जस्तै किन बनेको छ भन्ने प्रश्न निरन्तर गुँजिरहेको छ । व्यास पराशर क्षेत्र केवल तनहुँ वा गण्डकी प्रदेशको मात्रै गौरव होइन, यो सम्पूर्ण हिन्दू सभ्यताको साझा धरोहर हो। महाभारत र वेदहरु मानव सभ्यताको ज्ञान, नीति र जीवनदर्शनका प्रतीक हुन्। यी ग्रन्थहरु जस स्थानमा सिर्जना भए, त्यो भूमि विश्वकै धार्मिक केन्द्र बन्न सक्थ्यो। तर विडम्बना- व्यास जन्मभूमि र पराशर ऋषिको तपोभूमि आजसम्म पनि राष्ट्रिय प्राथमिकतामा आउन सकेको छैन । व्यासको १०८ फिट अग्लो मूर्ति निर्माणका लागि आधारशिला राखिएको भएपनि कामले गतिलिन सकेको छैन । धार्मिक पर्यटनका दृष्टिले यो परियोजना निकै महत्वपूर्ण भए पनि आवश्यक बजेट, प्राविधिक ध्यान र राजनीतिक प्रतिबद्धता नहुँदा यसको गति सुस्त छ । व्यास गुफा, पराशर गुफा, माछाकुण्ड, शिवपञ्चायन मन्दिर, मानुङकोट जस्ता स्थलहरु दमौली वरिपरिका धार्मिक-सांस्कृतिक सम्पदाको श्रृंखला हुन् । व्यासगुफा जहाँ व्यास ऋषिले चारवेद र अठार पुराणको रचना गरेको विश्वास गरिन्छ, त्यसको पारिपट्टी पराशर ऋषिको गुफा छ। मादी र सेती नदीको संगममा झोलुङ्गे पुलमार्फत पुगिने पराशर क्षेत्र आज पनि मौन श्रद्धाको प्रतीक बनेर उभिएको छ। तर ती स्थलहरुमा पुग्ने बाटो, सूचना पाटी, सरसफाइ र प्रकाशको व्यवस्था अभावमा सामान्य तीर्थयात्रीहरुलाई समेत सहज हुँदैन ।

पोखरा जस्तो अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्य जाने पर्यटकहरुको प्रवेशद्वारमा नै पर्ने दमौलीले धार्मिक पर्यटनका हिसाबले धेरै सम्भावना बोकेको छ। बन्दीपुर, मानुङकोट, व्यासगुफा, पराशर गुफा, छाब्दी बाराही र माछाकुण्डलाई समेटेर तयार पारिएको एउटा व्यवस्थित 'व्यास सांस्कृतिक परिक्रमा मार्ग' बन्न सकेमा यो क्षेत्र धार्मिक र प्राकृतिक दुवै दृष्टिले अनोठो आकर्षण बन्न सक्छ। तर यस्तो पहल अझै अवधारणाको सीमाभन्दा बाहिर निस्कन सकेको छैन । व्यास भूमिको महिमा शास्त्रमा जति उज्यालो छ, व्यवहारमा त्यो त्यति नै ओझेलमा छ। यसको प्रमुख कारण भनेको योजनाबद्ध प्रवर्द्धनको अभाव हो। प्रचारप्रसार र व्यवस्थापनका दृष्टिले नगरपालिकाको प्रयास सीमित छ र स्थानीय जनस्तरका अभियानहरु पनि टुटेफुटेका छन्। विगतमा केही संघसंस्थाले व्यास पराशर क्षेत्रका बारेमा वृत्तचित्र, पुस्तक र प्रचार अभियान थालेका थिए, तर ती प्रयास स्थायित्व पाउन सकेनन्।

धार्मिक पर्यटन नेपालका लागि केवल आस्थाको विषय होइन, आर्थिक सम्भावनाको क्षेत्र पनि हो। लुम्बिनी, पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ, गोरखनाथ जस्ता तीर्थस्थलहरु धार्मिक आस्थासँगै रोजगारी, पर्यटन व्यवसाय र सांस्कृतिक पहिचानका केन्द्र बनेका छन्। व्यासभूमिले पनि यस्तै स्थान पाउन सक्दछ- यदि सरकार र स्थानीय समुदायले मिलेर दीर्घकालीन योजना बनाए भने। व्यास पराशर क्षेत्रको विकासका लागि अहिले नै आधारभूत पूर्वाधारमा लगानी गर्न जरूरी छ। सडक पहुँच, पदमार्ग, प्रकाश, पानी, शौचालय, बासस्थान, सूचना केन्द्र र धार्मिक कथा-व्याख्या कक्षहरुका साथै डिजिटल माध्यमबाट यसको प्रचार गर्न सकिन्छ । व्यास ऋषिको जीवन र सन्देश प्रस्तुत गर्ने 'व्यास म्यूजियम' वा 'ज्ञान ग्यालरी' स्थापना गरिएमा यो केवल तीर्थ नभई शिक्षणस्थल पनि बन्न सक्छ । साथै, व्यास जन्मस्थान माछेकुण्डदेखि व्यासगुफा, पराशर गुफा र मानुङकोटसम्मको धार्मिक परिक्रमा पर्यटन प्रवर्द्धन अभियानलाई राष्ट्रिय परियोजनाका रुपमा लिनुपर्छ । संस्कृति मन्त्रालय, गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाले संयुक्त कार्यदल गठन गरी कार्ययोजना अघि बढाउने समय आएको छ । हामीले व्यासभूमिको महत्व विदेशी पुस्तालाई सुनाउने मात्र होइन, आफ्ना नयाँ पुस्तामा गर्वका साथ जगाउने जिम्मेवारी पनि छ। ज्ञान, धर्म र संस्कृतिको माटो मानिएको यो भूमि हामीले नचिनेसम्म यसको उज्यालो विश्वमा पुग्दैन । अब आवश्यकता प्रचारको मात्र होइन, प्रतिबद्धताको हो। व्यासको गुफामा लेखिएको महाभारतले जस्तै, हाम्रो आधुनिक समयले पनि एउटा नयाँ कथा लेख्न सक्छ- विकास, संस्कृति र आत्मपहिचानको । तर त्यसका लागि व्यासभूमिलाई "बत्तिमुनिको अध्यारो" होइन, "ज्ञानको उज्यालो" बनाउनुपर्नेछ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

विश्व राजनीतिमा वामपन्थी आन्दोलनका सम्भावना र चुनौती

विश्व राजनीतिमा पछिल्लो समय देखिएका घटनाक्रमले वामपन्थी तथा समाजवादी विचारधाराको सान्दर्भिकता अझै कायम रहेको देखाउँछन् । आर्थिक असमानता, बेरोजगारी, महँगी, भ्रष्टाचार र सामाजिक विभेदबाट आजित नागरिकले वैकल्पिक राजनीतिक नेतृत्व र नीतिको खोजी गरिरहेका छन्। यही परिस्थितिले विश्व कम्युनिस्ट तथा समाजवादी आन्दोलनको भविष्यबारे नयाँ बहस सिर्जना गरेको छ ।

विश्वका विभिन्न देशमा राजनीतिक व्यवस्था र नेतृत्वप्रति असन्तुष्टि बढिरहेको छ । जनताको जीवनस्तरमा सुधार ल्याउन नसक्ने, सीमित वर्गको हितमा केन्द्रित हुने र जनअपेक्षाअनुसार काम नगर्ने सरकारप्रति नागरिकको असन्तुष्टि सडकदेखि निर्वाचनसम्म अभिव्यक्त भइरहेको छ। यस्तो अवस्थामा श्रमिक, किसान, युवा, विद्यार्थी र आर्थिक रुपमा पछाडि पारिएका समुदायका सवाललाई प्राथमिकता दिने राजनीतिक शक्तिका लागि जनसमर्थन विस्तार गर्ने अवसर देखिन्छ ।

तर जनताको असन्तुष्टि बढ्दैमा वामपन्थी आन्दोलन स्वतः बलियो हुन्छ भन्ने होइन । त्यसका लागि स्पष्ट नीति, जनतासँगको सम्बन्ध, संगठनात्मक एकता र व्यवहारमा देखिने परिवर्तन आवश्यक हुन्छ। जनताका समस्यालाई भाषणमा मात्र सीमित नराखी समाधानका लागि प्रभावकारी पहल गर्न सक्ने नेतृत्वले मात्रै जनविश्वास जित्न सक्छ ।

असमानता र बेरोजगारीले बढाएको राजनीतिक असन्तुष्टि

पूँजीवादी अर्थव्यवस्थाको प्रभाव विस्तारसँगै उत्पादन, प्रविधि र व्यापारका क्षेत्रमा उल्लेखनीय परिवर्तन भएका छन्। तर आर्थिक विकासको लाभ सबै वर्ग र समुदायमा समान रुपमा वितरण हुन सकेको छैन। एकातिर सीमित व्यक्तिको हातमा सम्पत्ति र अवसर केन्द्रित हुँदै गएको छ भने अर्कोतिर ठूलो जनसंख्या रोजगारी, शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकताका लागि संघर्ष गरिरहेको छ ।

युवामा बढ्दो बेरोजगारी, श्रमिकको असुरक्षित रोजगारी, किसानले भोग्नुपरेका समस्या र महँगीले राजनीतिक व्यवस्थाप्रति असन्तुष्टि बढाउन सक्छन्। यस्तो असन्तुष्टिलाई बुझेर आर्थिक न्याय, सामाजिक सुरक्षा, श्रमको सम्मान र सार्वजनिक सेवामा समान पहुँचका पक्षमा काम गर्नु वामपन्थी आन्दोलनको प्रमुख जिम्मेवारी हो ।

समाजवादको पक्षमा उभिने राजनीतिक शक्तिले समानताको नारा मात्र दिएर पुग्दैन। शिक्षा र स्वास्थ्यमा सर्वसाधारणको पहुँच विस्तार, श्रमिकको अधिकार संरक्षण, उत्पादनमूलक रोजगारी सिर्जना, किसानलाई उचित मूल्य र सामाजिक सुरक्षाको प्रभावकारी व्यवस्था गर्न सक्नुपर्छ। जनताको दैनिक जीवनमा अनुभूति हुने परिवर्तनले मात्रै राजनीतिक विचारधाराप्रति विश्वास बढाउँछ।

युवा पुस्ताको असन्तुष्टि र परिवर्तनको चाहना

विश्वका विभिन्न मुलुकमा युवा पुस्ताले भ्रष्टाचार, बेरोजगारी, अवसरको अभाव र राजनीतिक नेतृत्वको जवाफदेहिताप्रति प्रश्न उठाउँदै आएको छ । सामाजिक सञ्जाल र डिजिटल सञ्चारको विस्तारले युवालाई आफ्ना विचार सार्वजनिक गर्न, संगठन बनाउन र सरकारका कामको निगरानी गर्न सहज बनाएको छ ।

युवाको असन्तुष्टिलाई कुनै एउटा राजनीतिक विचारधारासँग मात्र जोडेर हेर्न मिल्दैन । उनीहरुको मागमा सुशासन, रोजगारी, समान अवसर, पारदर्शिता र प्रभावकारी सार्वजनिक सेवा प्रमुख रुपमा देखिन्छन् । यी मागलाई सम्बोधन गर्न नसक्ने राजनीतिक शक्तिले जनविश्वास गुमाउन सक्छन् भने जनताको आवाजलाई आत्मसात् गर्ने शक्तिले आफ्नो भूमिका विस्तार गर्न सक्छन् ।

वामपन्थी आन्दोलनले युवा पुस्ताको भावना बुझ्न र उनीहरुका सवाललाई आफ्ना कार्यक्रमसँग जोड्न आवश्यक छ । पुराना राजनीतिक अनुभवको सम्मान गर्दै नयाँ पुस्ताका विचार, प्रविधि र कार्यशैलीलाई आत्मसात् गर्न सके आन्दोलनलाई समयानुकूल बनाउन सकिन्छ । युवालाई केवल चुनावी प्रचार वा जुलुसमा सहभागी गराउने होइन, नीति निर्माण र नेतृत्व विकासमा समेत अर्थपूर्ण स्थान दिनुपर्छ ।

आन्दोलनको सफलता जनताको पक्षमा गरिने काममा निर्भर

कम्युनिस्ट तथा समाजवादी आन्दोलनको इतिहास श्रमिक अधिकार, सामाजिक न्याय र समानताका लागि भएका संघर्षसँग जोडिएको छ । विभिन्न देशमा यस आन्दोलनले श्रमसम्बन्धी अधिकार, सामाजिक सुरक्षा र सार्वजनिक सेवाको विस्तारमा योगदान पुऱ्याएको छ। यद्यपि राजनीतिक अभ्यासका क्रममा कतिपय देशमा देखिएका कमजोरी, नेतृत्वको केन्द्रीकरण र नागरिक स्वतन्त्रतामाथिका प्रतिबन्धले यस विचारधारामाथि प्रश्न पनि उठाएका छन् ।

त्यसैले वर्तमान समयको वामपन्थी आन्दोलनले इतिहासका उपलब्धिबाट प्रेरणा लिँदै कमजोरीबाट पाठ सिक्नुपर्छ। जनताको नाममा राजनीति गर्ने तर जनताकै आवाज नसुन्ने प्रवृत्तिले कुनै पनि आन्दोलनलाई बलियो बनाउन सक्दैन। लोकतान्त्रिक मूल्य, अभिव्यक्ति स्वतन्त्रता, विधिको शासन र जवाफदेहितालाई व्यवहारमा लागू गर्नु आवश्यक छ ।

वामपन्थी दलहरुबीचको विभाजन, व्यक्तिगत स्वार्थ र सत्ताकेन्द्रित प्रतिस्पर्धाले जनताको विश्वास कमजोर बनाउन सक्छ। विचार र कार्यक्रमका आधारमा स्वस्थ बहस हुनु स्वाभाविक भए पनि साझा सामाजिक तथा आर्थिक मुद्दामा सहकार्य गर्न सक्नु राजनीतिक परिपक्वताको संकेत हो । संगठनको शक्ति जनताको सहभागिता र विश्वासबाट निर्माण हुनुपर्छ, केवल नेतृत्वको निर्णयबाट होइन ।

नेपाली वामपन्थी आन्दोलनका लागि पनि अवसर र चुनौती

नेपालको राजनीतिक परिवर्तनमा कम्युनिस्ट तथा वामपन्थी शक्तिहरुको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । श्रमिक, किसान, महिला, दलित, आदिवासी जनजाति तथा पछाडि पारिएका समुदायका अधिकारसम्बन्धी बहसलाई राजनीतिक मूलधारमा स्थापित गर्न विभिन्न वामपन्थी आन्दोलनले योगदान दिएका छन् । तर राजनीतिक उपलब्धिलाई जनताको जीवनमा अनुभूति हुने परिवर्तनमा रुपान्तरण गर्ने काम अझै चुनौतीपूर्ण छ ।

बेरोजगारी, वैदेशिक रोजगारीमा निर्भरता, उत्पादनमा कमी, महँगी, भ्रष्टाचार र सार्वजनिक सेवाको गुणस्तर नेपाली समाजका प्रमुख चिन्ता हुन्। यी समस्याको समाधानका लागि स्पष्ट आर्थिक नीति, उत्पादनमा वृद्धि, स्वदेशमै रोजगारी सिर्जना, कृषिको आधुनिकीकरण र सार्वजनिक संस्थाको प्रभावकारिता आवश्यक छ ।

नेपालका वामपन्थी दलहरुले आफ्ना विगतका उपलब्धि मात्र गनाएर जनताको

बाँकी तेश्रो पेजमा



तपाईको आज

मेष
आर्थिक लाभको सम्भावना, पारिवारिक सहकार्यले ठूला काम सम्पन्न, नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो ।

वृष
व्यवसायमा मन्दी देखिए पनि साझेदारीमा गरिएको कामबाट फाइदा मिल्न सक्छ। मनोबल उच्च राख्नुहोस्।

मिथुन
प्रेम सम्बन्धमा सुधार आउनेछ। मित्रहरुसँगको सहकार्यबाट फाइदा हुनेछ। पढाइलेखाइमा मन जानेछ।

कर्कट
घरपरिवारमा सानो मतभेद आउन सक्छ। भावनामा बग्नुभन्दा यथार्थमा टिकेर निर्णय लिनु उपयुक्त हुन्छ।

सिंह
यात्राको योग देखिन्छ । शुभ सूचना प्राप्त हुनेछ । सम्मान प्राप्त हुने सम्भावना पनि देखिएको छ ।

कन्या
सञ्चारमा सुधार हुनेछ। आर्थिक विषयमा सतर्क र हनुहोस्। परिश्रम अनुसार उपलब्धि पाउनुहुनेछ।

तुला
पारिवारिक वातावरण सुखद रहला । नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा दिन सक्छ ।

वृश्चिक
श्रम अनुसार फल पाइने समय हो। बोली र व्यवहारमा संयमता अपनाउनु लाभदायक हुनेछ।

धनु
सृजनात्मक काममा रूचि बढ्नेछ। पुराना समस्याको समाधान हुने सम्भावना छ। आत्मबल उच्च रहन्छ।

मकर
नयाँ योजनाको प्रारम्भका लागि अनुकूल समय हो। अरुको कुरामा ध्यान नदिई आफ्ना लक्ष्यमा केन्द्रित हुनुहोस् ।

कुम्भ
पुराना साथी भेटिने सम्भावना छ । नयाँ काममा हात हाल्नुअघि अनुसन्धान गर्नु उचित हुनेछ ।

मीन
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ । सामाजिक काममा संलग्न हुने अवसर आउन सक्छ ।



नारेश्वर तालमा अन्नपूर्णको छाया : तनहुँको व्यास नगरपालिका-१० दुम्सिचौरस्थित नारेश्वर तालमा देखिको अन्नपूर्ण हिमालको छाया । करिब २८ रोपनी क्षेत्रफलमा फैलिएको ताल पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको छ । कृषि, पर्यटन, वातावरण र स्थानीय रोजगारीसँग जोडिएको बहुउद्देश्यीय आयोजनाका रूपमा विकास गर्ने लक्ष्यका साथ निर्माण गरिएको ताल वरपर आवश्यक पूर्वाधार विकाससँगै स्थानीय उत्पादन र व्यवसायलाई पनि जोड्दै लगिएको छ । व्यास नगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त साझेदारीमा करिब चार करोड रूपैयाँको लागतमा ताल निर्माण गरिएको छ । *तस्विर : भञ्ज्याङ*

लमजुङका फाँट पहेंलपुर, धान भित्र्याउन किसानलाई चटारो

भञ्ज्याङ समाचारदाता/लमजुङ

लमजुङमा उन्नत र वर्णशंकर जातका धान पाकेपछि किसानलाई बाली भित्र्याउने चटारो परेको छ। दर्सै सकिएसँगै मध्यनेपाल, दोर्दी, राइनास, मर्स्याङ्दी र सुन्दरबजारका विभिन्न फाँटमा धान काट्ने र थन्क्याउने काम सुरू भएको छ । तर, पाकेको धान भित्र्याउने बेला वर्षा हुने सम्भावनाले किसानलाई चिन्तित बनाएको छ ।

मध्यनेपाल, दोर्दी, राइनास, मर्स्याङ्दी र सुन्दरबजारका विभिन्न स्थानमा किसानले धान काट्न थालेका छन् । रैथाने जातको तुलनामा उन्नत र वर्णशंकर जातका धान छिटो पाक्ने भएकाले कात्तिकमै बाली भित्र्याउने चटारो परेको कृषि विकास कार्यालय लमजुङले जनाएको छ ।

कार्यालयका कृषि विज्ञ मदन रेग्मीका अनुसार रैथाने जातका धान पाक्न मङ्सिरसम्म कुर्नुपर्ने भए पनि उन्नत र वर्णशंकर जातका धान पाकिसकेका छन् । पाकेको बाली समयमै भित्र्याउन सके उत्पादन सुरक्षित गर्न सकिने भएकाले किसान अहिले खेतमै व्यस्त छन् ।

तर, पाकेको धान भित्र्याउने बेला वर्षा हुने सम्भावनाले किसानलाई चिन्तित बनाएको छ। खेतमा पाकेर तयार भएको बाली वर्षाले भिजाउने वा बिगार्ने चिन्ता उनीहरूमा छ ।

मर्स्याङ्दी गाउँपालिका-९ टारगाउँका किसान उमाकान्त गौतमले खेती लगाउनदेखि उत्पादन भित्र्याउनसम्म किसानले कठिनाइ झेल्नुपरेको बताए । "खेत रोप्नै गाह्रो । रोपेपछि फलेको फसल भित्र्याउन उस्तै गाह्रो । किसानलाई कसैगरी सुख छैन", उनले दुखेसो पोखे ।

कृषि विकास कार्यालयका अनुसार लमजुङमा १६ हजार ४६३ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । त्यसमध्ये १५ हजार ५५२ हेक्टरमा बर्खे धान खेती गरिन्छ। जिल्लामा ९० प्रतिशतभन्दा बढी क्षेत्रफलमा उन्नत जातका धान लगाउने गरिएको कार्यालयले जनाएको छ ।



कार्यालयका कृषि विज्ञ मदन रेग्मीका अनुसार रैथाने जातका धान पाक्न मङ्सिरसम्म कुर्नुपर्ने भए पनि उन्नत र वर्णशंकर जातका धान पाकिसकेका छन् । पाकेको बाली समयमै भित्र्याउन सके उत्पादन सुरक्षित गर्न सकिने भएकाले किसान अहिले खेतमै व्यस्त छन् ।

तर, पाकेको धान भित्र्याउने बेला वर्षा हुने सम्भावनाले किसानलाई चिन्तित बनाएको छ। खेतमा पाकेर तयार भएको बाली वर्षाले भिजाउने वा बिगार्ने चिन्ता उनीहरूमा छ ।

मर्स्याङ्दी गाउँपालिका-९ टारगाउँका किसान उमाकान्त गौतमले खेती लगाउनदेखि उत्पादन भित्र्याउनसम्म किसानले कठिनाइ झेल्नुपरेको बताए । "खेत रोप्नै गाह्रो । रोपेपछि फलेको फसल भित्र्याउन उस्तै गाह्रो । किसानलाई कसैगरी सुख छैन", उनले दुखेसो पोखे ।

कृषि विकास कार्यालयका अनुसार लमजुङमा १६ हजार ४६३ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । त्यसमध्ये १५ हजार ५५२ हेक्टरमा बर्खे धान खेती गरिन्छ। जिल्लामा ९० प्रतिशतभन्दा बढी क्षेत्रफलमा उन्नत जातका धान लगाउने गरिएको कार्यालयले जनाएको छ ।

यहाँ रामधान, सावित्री, लोकतन्त्र, हर्दिनाथ, सुनौलो सुगन्ध, खुमल-४ तथा सुक्खा-१, २, ३ र ४ जातका धान खेती गरिन्छ । वर्णशंकर जातमा यूएस ३१२, शंकर, गोरखनाथ, चाँदनी र पृथ्वी प्रचलनमा छन् । स्थानीय जातमा एक्ले, मन्सरा, मधेसे, अनादी र आँगा धान लगाउने गरिएको छ ।

धान उत्पादन बढाउने उद्देश्यले स्थानीय तहका कृषि शाखाले किसानलाई ५० देखि ७५ प्रतिशत अनुदानमा उन्नत जातका धानको बीउ वितरण गरेका थिए । कतिपय किसानले भने बजारबाट आफैं बीउ खरिद गरी खेती गरेका छन् ।

पाकेको धान समयमै काटेर सुरक्षित स्थमा भित्र्याउन सके मात्रै वर्षभरको मेहनतको प्रतिफल जोगिने भएकाले अहिले किसानको प्राथमिकता बाली थन्क्याउनेमै केन्द्रित छ ।

चुनावको हारबाट पाठ .....

का सभापति आनन्दराज त्रिपाठीले नवनिर्वाचित पदाधिकारी तथा सदस्यले संगठन सुदृढीकरण र जनताको सेवामा सक्रिय हुनुपर्ने बताए । कार्यक्रममा क्षेत्रीय कार्यसमितिका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूको पदस्थापन गरिएको थियो ।

यस्तै, महामन्त्री पौडेलले पार्टीको आन्तरिक सुधार र रूपान्तरणलाई देशको समग्र परिवर्तनसँग जोड्दै कांग्रेसले आफूलाई जनअपेक्षाअनुसार बदल्नुपर्ने बताएका छन् । उनले पार्टीभित्र जिम्मेवारी, कार्यशैली र सङ्गठनात्मक सुधार आवश्यक रहेको उल्लेख गर्दै त्यसका लागि तरूण युवाले सिर्जनात्मक भूमिका खेल्नुपर्नेमा जोड दिए ।

नेपाल तरूण दलको ७४औं स्थापना दिवसका अवसरमा नेपाल तरूण दल तनहुँले मंगलबार दमौलीमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै महामन्त्री पौडेलले कांग्रेसमा सुधार र परिवर्तनका प्रयासलाई जनतासमक्ष पुऱ्याउनुपर्ने बताए ।

"देश सच्चिन पहिला कांग्रेस सच्चिनुपर्छ। कांग्रेस आफैं जिम्मेवार, व्यवस्थित र जनअपेक्षाअनुसार अघि बढ्न सके मात्रै देशलाई सही दिशामा अघि बढाउन योगदान गर्न सकिन्छ", उनले भने ।

पौडेलले तरूण दललाई कांग्रेसको मेरूदण्डको संज्ञा दिँदै लोकतान्त्रिक आन्दोलन र लोकतन्त्रको रक्षामा युवाले खेलेको भूमिकाको चर्चा गरे । लोकतन्त्र संकटमा परेका बेला तरूणहरूले निर्वाह गरेको भूमिका सराहनीय रहेको उल्लेख गर्दै उनले लोकतान्त्रिक मूल्य, मान्यता र आदर्शको संरक्षणमा युवाको सक्रियता आवश्यक रहेको बताए।

उनका अनुसार तरूण दलको जिम्मेवारी पार्टीको सङ्गठन विस्तारमा मात्र सीमित हुनुहुँदैन। बदलिँदो समय र जनताको अपेक्षाअनुसार नयाँ सोच, विचार र सिर्जनात्मक कार्यक्रममार्फत पार्टीलाई नागरिकसँग जोड्ने काममा युवाहरु अघि बढ्नुपर्छ ।

विश्व राजनीतिमा .....

विश्वास कायम राख्न सक्दैनन् । सरकारमा रहँदा गरेका कामको समीक्षा गर्न, कमजोरी स्वीकार गर्न र जनताप्रति जवाफदेही बन्न सक्नुपर्छ । राजनीतिक प्रतिस्पर्धालाई व्यक्तिगत आरोप-प्रत्यारोपमा सीमित नगरी नीति, कार्यक्रम र परिणामका आधारमा अघि बढाउनु आजको आवश्यकता हो ।

विश्व राजनीतिमा देखिएका असन्तुष्टि र परिवर्तनका चाहनाले वामपन्थी आन्दोलनका लागि सम्भावना सिर्जना गरेका छन् । तर त्यो सम्भावना वास्तविक उपलब्धिमा बदल्न विचारको स्पष्टता, संगठनात्मक एकता, लोकतान्त्रिक अभ्यास र जनताको पक्षमा परिणाममुखी काम अनिवार्य छन् ।

अन्ततः कुनै पनि राजनीतिक आन्दोलनको भविष्य नाराले होइन, जनताले त्यसबाट प्राप्त गर्ने उपलब्धिले निर्धारण गर्छ। समानता, सामाजिक न्याय र श्रमिकको सम्मानलाई व्यवहारमा उतार्न सक्ने वामपन्थी आन्दोलनले मात्रै जनताको विश्वास जित्न सक्छ । यही विश्वासलाई आधार बनाउन सके विश्व कम्युनिस्ट तथा समाजवादी आन्दोलनको भविष्य उज्ज्वल बन्ने सम्भावना रहन्छ ।

दमौली र डुम्रेका मिठाई पसलमा अनुगमन

भञ्ज्याङ समाचारदाता/दमौली

खाद्य डिभिजन कार्यालय दमौलीले दमौली र डुम्रे बजारका १० वटा मिठाई पसलमा अनुगमन गर्दै बिक्रीका लागि राखिएका मिठाईको विवरण उपभोक्ताले स्पष्ट देख्ने गरी अनिवार्य रूपमा राख्न व्यवसायीलाई निर्देशन दिएको छ। उपभोक्ताको स्वास्थ्य सुरक्षा र खाद्य स्वच्छता कायम गर्ने उद्देश्यले गरिएको अनुगमनका क्रममा व्यवसायीलाई आफूले बिक्री गर्ने मिठाईको नाम, प्रयोग गरिएका सामग्री, उत्पादन मिति, उपभोग्य मिति र मूल्य स्पष्ट रूपमा उल्लेख गर्न जानकारी गराइएको हो । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले २०८३ असोज ३० गते जारी गरेको सूचनाअनुसार मिठाई पसलहरूले मिठाई राख्ने सोकेस वा काउन्टरमा अनिवार्य रूपमा विवरण राख्नुपर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्था कात्तिक ११ गतेदेखि लागू हुने गरी व्यवसायीलाई जानकारी गराइएको खाद्य डिभिजन कार्यालय दमौलीले जनाएको छ ।

नयाँ व्यवस्थाअनुसार मिठाईको नाम, मुख्य सामग्री, प्रयोग गरिएको तेल वा घिउको प्रकार, उत्पादन मिति, उपभोग गर्नुपर्ने अन्तिम मिति र प्रतिकिलो मूल्य स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। मिठाई बनाउन डेरी घिउ, वनस्पति घिउ, प्रशोधित तेल, नौनी वा अन्य चिल्लो पदार्थमध्ये कुन प्रयोग गरिएको हो भन्ने विवरणसमेत खुलाउनुपर्ने व्यवस्था गरिएको छ। खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम उपभोक्ताको स्वास्थ्य सुरक्षा र स्वच्छ खानेकुरा उपभोग गर्न पाउने अधिकार संरक्षणका लागि यस्तो व्यवस्था गरिएको हो। मिठाईमा प्रयोग भएका सामग्री र मूल्यबारे स्पष्ट जानकारी उपलब्ध हुँदा उपभोक्ताले आफूले खरिद गर्ने खाद्यवस्तुबारे जानकारी पाएर छनोट गर्न सक्नेछन्। निर्धारित व्यवस्थाको पालना नगरेको पाइएमा कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने जनाइएको छ। खाद्य डिभिजन कार्यालय दमौलीले दमौली र डुम्रे बजारमा रहेका अन्य मिठाई व्यवसायीलाई समेत नयाँ व्यवस्थाको पूर्ण पालना गर्न आग्रह गरेको छ ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मिर्लुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



व्यवसायिक फूल खेती : तनहुँको म्याग्दे गाउँपालिका-४ का कृषक तिहार पर्वलाई लक्षित गरी गरिएको फूलखेतीमा फूल टिप्दै । स्थानीय चण्डेश्वरी फलफूल तथा तरकारी उत्पादक कृषक समूहले ६ रोपनी गर्दै आएको फूलखेती अहिले १६ रोपनीमा विस्तार गरिएको छ ।
तस्विर : भञ्ज्याङ

मुस्ताङमा ३ हजारभन्दा बढी चिनियाँ ईभी होल्डमा, सडक र चार्जिङ समस्या मुख्य बाधक

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

तिहारलाई लक्षित गरी बुकिङ भएका चिनियाँ विद्युतीय सवारीसाधन (ईभी) लामो समयदेखि मुस्ताङका विभिन्न स्थानमा रोकिएका छन् । कोरला नाकाबाट भित्रिएका हजारौँ ईभी भन्सार परिसरदेखि सडकखण्डसम्म होल्डमा रहँदा सवारी ढुवानी प्रभावित भएको छ ।

चीनको तिब्बत हुँदै लिजी-नेचुङ (कोरला) नाकाबाट नेपाल भित्रिएका ३ हजार १२२ ईभी मुस्ताङका विभिन्न स्थानमा रोकिएका हुन् । बाढीपहिरो र नदी कटानका कारण बेनी-जोमसोम-कोरला सडक क्षतिग्रस्त हुनुका साथै सडकमा हिलो हुँदा सवारीसाधन गन्तव्यसम्म पुऱ्याउन कठिन भएको छ। सडकमा फसेका तथा दुर्घटनामा परेका सवारी हटाउन ट्राफिक प्रहरीले डोजरसमेत प्रयोग गर्न थालेको छ ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी सन्तोष बस्यालका अनुसार कोरला नाकाको दशगजा क्षेत्रमा २ हजार ८२८, भन्सार कार्यालयको यार्डमा १२०, चराङस्थित चार्जिङ स्टेसनमा ७५ र छोसेरमा निजी जग्गामा ४५ ईभी रोकिएका छन् । त्यस्तै, चालक नभएका कारण घाँसामा २३ र जोमसोम बसपार्कमा १९ वटा ईभी होल्डमा छन् ।

कोरला-जोमसोम सडक खण्डका विभिन्न स्थानमा ३० भन्दा बढी ईभी सडकमा अलपत्र अवस्थामा रहेको प्रहरीले जनाएको छ । बस्याललेे लामो समयदेखि सडकमा रोकिएका सवारी हटाउन सम्बन्धित पक्षलाई ताकेता गरिएको र चार्जिङको समस्या पनि रहेको बताए ।

मौसम सफा भई सडकमा सामान्य आवागमन भइरहँदा पनि ठूलो संख्यामा ईभी रोकिएका छन्। भन्सार जाँचपासपछि सवारीसाधन गन्तव्यसम्म पुऱ्याउन पर्याप्त चार्जिङ सुविधा नहुँदा समस्या थपिएको भन्सार कार्यालयले जनाएको छ । उपल्लो मुस्ताङको लो-घेकर दामोदरकुण्ड गाउँपालिका-१, चराङमा चार्जिङ स्टेसन सञ्चालनमा रहे पनि अन्य स्थानमा थप पूर्वाधार आवश्यक रहेको बताइएको छ । ईभीको ठूलो सङ्ख्या रोकिँदा ढुवानी व्यवस्थापनमा चुनौती थपिएको छ। भन्सार राजस्वमा समेत विद्युतीय सवारीसाधनको उल्लेख्य योगदान रहेको छ ।

पर्वतको कुश्मा नगरपालिका-१ पाङदेखि म्याग्दीको बेनी हुँदै चीनको सीमास्थित कोरला नाकासम्मको सडक दूरी करिब २०२ किलोमिटर छ। समुद्री सतहबाट ४ हजार ६५० मिटर उचाइमा रहेको कोरला नाकाबाट करिब १४ किलोमिटर तल भन्सार कार्यालय रहेको छ । जाँचपासपछि ईभीलाई कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक हुँदै पोखरालगायतका बजारमा पुऱ्याइन्छ।

कोरला नाका कन्टेनर व्यवस्थापन समितिका उपाध्यक्ष घरचुङ गुरुङका अनुसार सडकमा रहेको हिलोका कारण ईभीमा क्षति पुग्ने गरेको छ। सवारीसाधन सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउन सडकको अवस्था सुधार गर्नु आवश्यक रहेको उनले बताए।

तिहारअघि कोरलाबाट जाँचपास भएका ईभी जिल्ला बाहिर पठाउने तयारी गरिएको छ । नेपालका ईभी बिक्रेताका भन्सार प्रतिनिधिहरूले पनि रोकिएका सवारीसाधन ढुवानी गर्ने तयारी भइरहेको जनाएका छन् ।

कालीगण्डकी करिडोर सडक आयोजनाका प्रमुख तेजस्वी शर्माका अनुसार हाल सडकखण्डमा साना सवारीसाधनको आवागमनमा समस्या छैन । यसबीच चाडपर्वका लागि सामान बोकेका कन्टेनर र स्याउ ढुवानी गर्ने सवारीसाधन पनि मुस्ताङबाट दैनिक बाहिरिइरहेका छन् । तर, जिल्ला प्रहरी कार्यालयका अनुसार सोमबार साँझसम्म विभिन्न स्थानमा २७ वटा कन्टेनरसमेत रोकिएका थिए।



facebook twitter



Sanjeev
x.com/sanpokh

नेपालका नेताहरुको प्रवृत्ति कस्तो छ भने -
आफूलाई कम्युनिस्ट भन्ने, सत्ताको बाटो सजिलो बनाउन भैंसीको बली दिने, तर अरूलाई 'तिमीहरु परम्परावादी र आडम्बरी हौ' भनेर गाली गर्ने ।
राष्ट्रवाद भँजाएर मानिस भड्काउने, 'ग्रेटर नेपाल'को झण्डा आफ्नो अफिसमा टाँस्ने, भारत विरोधी भावना भँजाएर लोकप्रियता र चुनावमा भोट कमाउने, सत्तामा पुग्ने अनि अरूलाई 'राष्ट्रवादमा लाग्ने तिमीहरु मुर्ख हौ' भनेर पाठ पढाउने ।
'जेनजी आन्दोलनमा व्यक्त असन्तुष्टि स्वीकार गर्छौं, नयाँ पुस्ताको चाहना अनुसारको राजनीतिक संस्कार स्थापित गर्छौं' भन्ने अनि राणाका खलाँती र ज्ञानेन्द्रका भक्त भए पनि तिनै नभए पार्टी चल्दैन भनेर भत्केको घरका सिसाका टुक्रा जोडेर 'नयाँ' पार्टी पनि बनाउने ।
'भैंसी पूजा गर्नेहरूले देश बिगारे अब जनताको पूजा गर्ने नेता चाहियो' भनेर चर्का भाषण गर्ने तर आफैं मुद्दा मिलाएर जेल सजायबाट मुक्त भएको भाकल पुरा गर्न भारतका अघोरी बाबाको खुट्टा ढोग्न जाने ।
हामी हेरेको हेरै,
हामी हेरेको हेरै sss

२ लाख ३ हजार मतदाता नामावलीबाट हटाइए

भञ्ज्याङ समाचारदाता/काठमाडौं

मृत्यु भएका, दोहोरो नाम परेका र नागरिकता त्यागेका समेत गरी दुई लाख तीन हजार ५८६ जना मतदाता नामावलीबाट हटाइएका छन्। मृत्यु भएकाहरु ४५ हजार ३२२ जना रहेका छन् । एक लाख ५८ हजार २६४ जना मतदाताको भने दोहोरो परेको, रद्द भएको वा त्याग गरेकोसँग सम्बन्धित छ । दुवै गरेर कूल दुई लाख तीन हजार ५८६ जनाको नाम मतदाता नामावलीबाट हटाइएको निर्वाचन आयोगले जनाएको छ । मतदाता नामावलीबाट हटाइएका जिल्लाहरूमा झापा, मोरङ, सप्तरी, कैलाली लगायतका जिल्लाका धेरै रहेका छन् ।

मोरङ जिल्लामा मृत्यु भएका ६१० जना र दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ९ हजार ५२१ जनाको नाम मतदाता नामावलीबाट हटाइएको हो । झापा जिल्लामा मृत्यु भएका ८३४ र दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ६ हजार १८८ जनाको नाम मतदाता नामावलीबाट हटेको छ । सुनसरी जिल्लामा मृत्यु भएका ७९८ र दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ४ हजार ७६२ जना छन् । सप्तरीमा मृत्यु भएका ६ हजार ३०१ जनाको नाम मतदाता नामावलीबाट हटेको छ भने यो जिल्लाका ४ हजार ८७ जनाको नाम दोहोरो परेको, रद्द भएको वा त्याग गरेको आधारमा नामावलीबाट हटेको छ ।

धनुषामा ३६९ जनाको मृत्यु भएका कारण मतदातानामावलीबाट नाम हटेको छ। यो जिल्लामा दोहोरो परेको, रद्द भएको वा त्याग गरेकाहरु ४ हजार ४४८ जना रहेका छन् । रौतहटमा मृत्यु भएका २ हजार ५१४ र दोहोरो परेको, रद्द भएको वा त्याग गरेको आधारमा ४ हजार १५१ जनाको नाम मतदाता नामावलीबाट नामावलीबाट हटेको छ ।

पाल्पामा मृत्यु भएका ३ हजार ४४ जना र दोहोरो परेको, रद्द भएको वा त्याग गरेको आधारमा १ हजार ६८५ जनाको नामावलीबाट हटेको छ । रूपन्देहीमा मृत्यु भएका १८१ र दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ४ हजार ३६१ जना रहेका छन् ।

कैलालीमा मृत्यु भएका १ हजार ३९ जनाको नाम नामावलीबाट हटेको छ । यो जिल्लामा दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ६ हजार ५२५ जना रहेका छन् । २१ फागुन २०८२ मा भएको प्रतिनिधि सभा निर्वाचनमा कुल मतदाता संख्या १ करोड ८९ लाख ३ हजार ६८९ जना थिए । यसमा नामावली अद्यावधिक गर्ने क्रममा २ लाख ३ हजार मतदाता नामावलीबाट हटाइएका हुन् । आयोगका अनुसार गत भदौ १५ गतेसम्म १८ वर्ष उमेर पूरा भएका र नयाँ नाम दर्ता गराएका एक लाख ८७ हजार ६८६ जना मतदाता नामावलीमा थप भएका छन् ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायण प्रसाद भट्टराईका अनुसार स्थानीय तह र प्रदेशसभा निर्वाचनको पूर्वतयारी स्वरुप मतदाता नामावली अद्यावधिक गरिरहेको छ । निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराई भन्छन् 'निर्वाचन अगाडिका काम, निर्वाचनको समयको काम र निर्वाचन पछाडिको काम गरेर तीन चरणमा काम हुन्छ । अहिले हामी निर्वाचन अगाडिको इलेक्सन प्रिपेसनको काम गरिरहेका छौं ।'

उनका अनुसार इलेक्सन प्रिपेसन अन्तर्गत मतदाता नामावली अद्यावधिकको कार्य चलिराखेको हो। निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचन अघि मतदाताहरूलाई आफ्नो राष्ट्रिय परिचयपत्र र मोबाइल नम्बर अद्यावधिक गर्न लगाउने तयारी गर्दैछ । पछिल्लो समय नामावली दर्ता गराएका मतदाताहरूको राष्ट्रिय परिचयपत्र पनि समावेश छन् । तर, पहिल्यै दर्ता गराएका मतदाताको राष्ट्रिय परिचयपत्र नम्बर समावेश छैन । आयोगले राष्ट्रिय परिचयपत्रको विवरण राख्ने निर्णय गरिसकेको छ। यसका लागि सम्बन्धित निकायसँग समझदारीपत्रमा हस्ताक्षर गर्ने तयारी छ ।

www.bhanjyangnews.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४